फोन नं. :- ०५७-५२०४१५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या :-०७६/७७
च.नं. :-

मितिः- २०७७/०३/२३

## जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अत्यन्त जरूरी सूचना ।

नेपाल सरकारद्वारा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी गराई न्यूनतम २ मिटरको सामाजिक दूरी कायम गरी मास्क र स्यानिटाइजरको अनिवार्य प्रयोग गर्ने, पटक-पटक साबुन पानीले हात धुने एवं स्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रूपमा पालना गर्ने शर्तमा केही सेवा र कार्यहरू सञ्चालन गर्न सहजीकरण गरिएकोमा न्यूनतम सामाजिक दूरी कायम नगर्ने, बिना मास्क र स्यानिटाइजर घर बाहिर हिंडडुल गर्ने, अनावश्यक भिडभाड गर्ने, सेवा प्रदायक निकाय वा संस्थाले पनि स्वास्थ्य र सुरक्षाका न्यूनतम मापदण्ड पालना गर्ने गराउने तर्फ बेवास्ता गर्ने क्रम बढ्दै गई कोभिड-१९ को संक्रमण, जोखिम बढ्दै गएको सन्दर्भमा सम्पूर्ण संयन्त्रको प्रभावकारी परिचालन गरी जनस्वास्थ्य र सुरक्षा मापदण्ड कडाई पूर्वक पालना गर्ने, गराउने, मास्कको प्रयोग अनिवार्य गराउने र अटेर गर्नेहरू उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कडाई पूर्वक कारवाही गर्ने, गराउने भनी श्री गृह मन्त्रालयबाट निर्देशन प्राप्त भएको हुँदा यस जिल्लाभित्र अनावश्यक आवतजावत र भिडभाड नगर्न/नगराउन, बाहिर निस्किनु पर्ने अवस्थामा न्यूनतम २ मिटरको सामाजिक दूरी कायम गर्न, अनिवार्यरूपमा मास्क र सेनिटाइजरको प्रयोग गर्न सम्पूर्ण मकवानपुर वासीमा अनुरोध गरिन्छ । साथै, सेवा प्रदायक निकाय वा संस्थाले पनि स्वास्थ्य र सुरक्षाका न्यूनतम मापदण्ड अनिवार्यरूपमा पालना गर्ने/गराउने व्यवस्था मिलाउनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

कोही कसैबाट यस विपरितका क्रियाकलापहरू भए/गरेको पाईएमा तत्काल नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

(दिपकराज नेपाल)
प्रमुख जिल्ला अधिकारी